# फालेलुङ राजपत्र

## फालेलुङ गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ५) थकेपुङ, पाँचथर, फागुन २ गते, २०७९ साल (संख्याः ४


## भाग-१

## फालेलुङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, थकेपुङ, पाँचथर

**फालेलुङ गाउँपालिकाको वाङमय प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले यो ऐन जारी गरि प्रकाशित गरिएकोछ।**

# फालेलुङ गाउँपालिकाको वाङमय प्रतिष्ठान ऐन, २०७९

**प्रस्तावनाः**

बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसाँस्कृतिक मुलुक नेपाल स्थानीय रुपमा भाषा, कला साहित्य र संस्कृतिका संरक्षण र संवर्द्धन तथा तिनको सर्वाङ्गीण विकास गर्न र भाषा, कला साहित्य र संस्कृति सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्न गराउन तथा यस क्षेत्रमा समर्पित प्रतिष्ठित प्रतिभाहरूको सम्मान र कदर गर्ने सम्बन्धमा आवश्यक कार्य गर्नको लागि वाङमय प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ बमोजिम फालेलुङ गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

परिच्छेद - १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "फालेलुङ गाउँपालिकाको वाङमय प्रतिष्ठान ऐन, २०७९" रहने छ।

(२) यो ऐन गाउँ सभाबाट पारित भई फालेलुङ राजपत्रमा प्रकाशन भएपछि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "प्रतिष्ठान" भन्नाले यस ऐन बमोजिम स्थापना भएको "फालेलुङ गाउँपालिकाको वाङमय प्रतिष्ठान" लाई सम्झनु पर्दछ।

(ख) "भाषा" भन्नाले नेपाली भाषा लगायत फालेलुङमा बोलिने लिम्बु, राई, मगर, तामाङ लगायतका सम्पूर्ण राष्ट्रिय भाषा सम्झनु पर्नेछ।

(ग) "कला" भन्नाले चित्रकला, मूर्तिकला, लोककला, हस्तकला, शिल्पकला, वास्तुकला लगायतका अन्य सृजनात्मक ललितकला भन्ने सम्झनु पर्नेछ।

(घ) "साहित्य" भन्नाले राष्ट्रका हरेक भाषा साहित्यका गद्य, पद्यमा सृजित विविध विधाका साहित्य लगायत लिखित एवं मौखिक लोक साहित्य समेत सम्झनु पर्नेछ।

(ङ) "संस्कृति" भन्नाले नेपाली संस्कृतिका विविध पक्ष सम्झनु पर्नेछ।

(च) "सभा" भन्नाले प्रतिष्ठानको दफा ७ बमोजिमको "विद्वत सभा" सम्झनु पर्दछ।

(छ) "परिषद" भन्नाले दफा ११ बमोजिमको "विद्वत परिषद" सम्झनु पर्दछ।

(ज) "अध्यक्ष" भन्नाले "प्रतिष्ठानका अध्यक्ष" भन्ने सम्झनु पर्दछ।

(झ) "उपाध्यक्ष" भन्नाले "प्रतिष्ठानका उपाध्यक्ष" भन्ने सम्झनु पर्दछ।

(ञ) "पदाधिकारी" भन्नाले परिषद्का पदाधिकारी तथा सदस्यलाई सम्झनु पर्दछ।

(ट) "गाउँपालिका" भन्नाले "फालेलुङ गाउँपालिका" लाई सम्झनु पर्दछ।

(ठ) "तोकिएका वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

## परिच्छेद - २

## प्रतिष्ठानको स्थापना तथा काम कर्तव्य र अधिकार

३. प्रतिष्ठानको स्थापना: (१) यस गाउँपालिका क्षेत्र भित्रका भाषा, कला, साहित्य र संस्कृतिका तथा संस्कृतिको संरक्षण, सम्बर्द्धन तथा सर्वाङ्गीण विकास गर्ने काम समेतका लागि बाङमय प्रतिष्ठानको स्थापना गरिएको छ।

(२) प्रतिष्ठानको केन्द्रीय कार्यालय फालेलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय वा केन्द्र रहेको स्थानमा रहनेछ।

४. प्रतिष्ठान स्वशासित संस्था हुनेः (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ।

(२) प्रतिष्ठानको आफ्नो एउटा छाप हुनेछ।

(३) प्रतिष्ठानले व्यक्तिसरह चल-अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो तर्फबाट नालिस उजुर गर्न र प्रतिष्ठान उपर पनि सोही नाम उपर नालिस उजुर लाग्न सक्नेछ।

(५) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

५. प्रतिष्ठानको काम कर्तव्य र अधिकार: यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ:-

(क) प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

(ख) भाषा, कला, साहित्य, संस्कृतिको संकलन, संरक्षण, सम्बर्द्धन तथा अध्ययन अनुसन्धान गर्ने,

(ग) यी क्षेत्रका अनुसन्धानात्मक तथा मौलिक कृति संकलन सृजना तथा प्रकाशन गर्ने,

(घ) यस क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिलाई कदर सम्मान तथा पुरस्कृत गर्ने,

(ङ) पुस्तकालय ग्यालरी तथा संग्रहालय स्थापना गर्ने,

(च) यी क्षेत्रमा अध्ययन अनुसन्धान गर्न विद्वत वृत्तिको व्यवस्था गर्ने,

(छ) प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,

(ज) अन्य क्षेत्र बाहेक स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रसित परिचित हुने र परिचित गराउने,

(झ) यस क्षेत्रको विकासको लागि व्यक्ति तथा संस्थालाई प्रोत्साहित गर्ने,

(ञ) सम्बन्धित विषयमा स्थानीय, प्रदेश, राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा गोष्ठी, कार्यशाला, सम्मेलन, प्रदर्शनी, महोत्सव तथा प्रतियोगिताको आयोजना गर्ने,

(ट) यी क्षेत्रका अन्य संघ संस्थासित सम्बन्ध स्थापना र विस्तार गर्ने तथा पारस्परिक सहयोग आदान प्रदान गर्ने

(ठ) ऐनका यी उद्देश्य पूरा गर्न अन्य आवश्यक काम गर्ने।

## परिच्छेद - ३

## प्रतिष्ठानको संगठन, विद्वत सभा र विद्वत परिषदको गठन

६. प्रतिष्ठानको संगठन: प्रतिष्ठानको संगठन देहाय बमोजिमको हुनेछ र यिनीहरूको सामूहिक रुप नै प्रतिष्ठानको स्वरुप हुनेछ।

(क) विद्वत सभा (ख) विद्वत परिषद

७. विद्वत सभा: (१) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा एक विद्वत सभा रहनेछ।

(२) विद्वत सभाको अध्यक्षको नियुक्ति गाउँ कार्यपालिकाले गर्नेछ।

(३) विद्वत सभाको गठन देहाय बमोजिम हुनेछ।

(क) अध्यक्ष: १ जना

(ख) उपाध्यक्ष: १ जना

(ग) कोषाध्यक्ष: १ जना

(घ) फालेलुङ गाउँपालिकाका सबै क्षेत्र, जात-जाति, भाषा-भाषी, साहित्य, कला, संस्कृति तथा महिला आदिलाई प्रतिनिधित्व गर्ने गरी उक्त उन्नाईस सदस्य सम्बन्धित क्षेत्रबाट सिफारिस समितिको सिफारिसमा गाउँपालिका अध्यक्षद्वारा समावेशी रुपमा मनोनित गरिने छ।

(ङ) सभाद्वारा थप ५ जना मनोनयन गरी जम्मा पच्चीस सदस्यीय रहेको पूर्ण सभा रहने छ।

(च) सभाको उपाध्यक्ष र कोषाध्यक्षको मनोनयन विद्वत सभाले गर्नेछ।

(३) उपदफा २ र ३ बमोजिम नियुक्त पदाधिकारी तथा सदस्यहरूका पदावधि तीन वर्षको रहनेछ।

(४) कुनै कारणले पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन क्षेत्र वा विधाबाट मनोनित भएको छ सोही विधा वा क्षेत्रबाट अर्को सदस्य मनोनित गरिने छ।

(५) सभा सदस्यहरूको सुविधा तोकिए बमोजिम हुनेछ।

(६) सभाको प्रशासनिक कामकाज गर्नको लागी गाउँ कार्यपालिकाले एक जना अधिकृतस्तरको कर्मचारी सदस्य-सचिवको रुपमा खटाउनेछ।

८. सिफारिस समिति: (१) विद्वत सभाका सदस्यहरूको गाउँपालिका अध्यक्षद्वारा मनोनयन गर्न देहाय बमोजिमको एउटा सिफारिस समिति गठन गरिने छ :–

(क) गाउँपालिका उपाध्यक्ष - संयोजक

(ख) गाउँ कार्यपालिकाले तोकेका गाउँ कार्यपालिका सदस्यहरु मध्ये २ जना - सदस्य

(ग) भाषा, कला, साहित्य, संस्कृतिको क्षेत्रमा ख्याति प्राप्त व्यक्ति मध्ये गाउँपालिका अध्यक्षले तोकेका दुई जना - सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले सदस्यका लागि सिफारिस गर्दा सम्बन्धित क्षेत्रमा योगदान पुऱ्याएका र पुऱ्याउन सक्ने, साधनारत, ख्याति प्राप्त, उच्च नैतिकवान तथा समावेशी चरित्रको प्रतिनिधित्वलाई महत्व र प्राथमिकता दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले पदाधिकारीको मनोनयनका लागि सिफारिस गर्दा कम्तीमा तेत्तीस प्रतिशत महिलाको प्रतिनिधित्व हुनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले सभाका सदस्य पदको मनोनयनको लागि सिफारिस गर्ने सम्बन्धमा कार्यविधि समितिलेनिर्धारण गरेबमोजिम हुनेछ।

९. विद्वत सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रतिष्ठानको नीति निर्धारण गर्ने,

(ख) प्रतिष्ठानको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानको वार्षिक बजेट पारित गर्ने,

(घ) विद्वत वृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने,

(ङ) परिषद्लाई निर्देशन दिने,

(च) प्रतिष्ठानको कामको अनुगमन तथा मूल्यांकन गर्ने,

(छ) प्रतिष्ठानको नियम स्वीकृत गर्ने,

(ज) तोकिए बमोजिमको अन्य कार्य गर्ने आदी।

१०. विद्वत सभाको बैठक (१) सभाको बैठक बर्षमा दुई पटक बस्ने छ।

(२) सभाको बैठक प्रतिष्ठानका अध्यक्षले तोकेको मिति, समय र स्थानमा हुनेछ।

(३) सभाको बैठक हुनुभन्दा कम्तीमा सात दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सभाका सचिवले सबै सदस्यहरूलाई दिनु पर्नेछ।

(४) सभामा तत्काल कायम रहेका सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा सभाको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ।

(५) सभाको बैठकको अध्यक्षता प्रतिष्ठानका अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।

(६) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा सभामा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) सभाको बैठकको निर्णय सचिवले नियमानुसार प्रमाणिकरण गरी सुरक्षित राख्ने छ।

(८) सभामा मानार्थ वा आजीवन सदस्यलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सकिने छ।

(९) सभाको बैठकसम्बन्धी अन्य कार्यविधि सभा आफैँले निर्णय गरेबमोजिम हुनेछ।

११. विद्वत परिषद्को गठन (१) प्रतिष्ठानको कार्यकारी निकायको रुपमा कार्य गर्न एउटा विद्वत परिषद रहनेछ।

(२) परिषदको गठन देहाय बमोजिम हुनेछ:

(क) अध्यक्ष: १ जना

(ख) उपाध्यक्ष: १ जना

(ग) कोषाध्यक्ष: १ जना

(घ) सदस्य ८ जना

(ङ) कुनै कारणले पदाधिकारी वा सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनित भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनित गरिने छ । सभाको अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष परिषदको पदेन अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष रहनेछ। परिषदको सदस्य मनोनयन कम्तिमा तेत्तीस प्रतिशत महिलाको प्रतिनिधित्व समेत रहने गरी सभाले समावेशी रुपमा गर्नुपर्नेछ।

३. परिषदको काम कर्तव्य र अधिकारः परिषदको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) सभाले गरेको निर्णय कार्यान्वयन गर्ने,

(ख) सभाले दिएको निर्देशन पालना गर्ने,

(ग) लेखा परीक्षणको प्रतिवेदन सभा समक्ष पेश गर्ने,

(घ) सचिवले पेश गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि सभा समक्ष पेश गर्ने।

(ङ) प्रतिष्ठानको चल अचल सम्पतिको व्यवस्थापन, संचालन, संरक्षण र रेखदेख गर्ने गराउने

(च) प्रतिष्ठानको कोषको व्यवस्था र संचालन गर्ने

(छ) परिषदको काम कारबाहीको सम्बन्धमा विधागत रुपमा विभाग र आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने र त्यस्तो समिति, उप-समिति वा कार्यटोलीको काम, कर्तव्य तथा अधिकार तोक्ने।

(ज) तोकिए बमोजिमको अन्य काम गर्ने।

१२. विद्वत परिषदको बैठकः– (१) परिषदको बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ।

(२) परिषदको बैठक परिषदका अध्यक्षले तोकेको मिति समय र स्थानमा बस्नेछ।

(३) परिषदको बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषदका सदस्य-सचिवले सबै सदस्यहरूलाई दिनु पर्नेछ।

(४) परिषदमा तत्काल कायम रहेका सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा परिषदको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) परिषदको बठैकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।

(६) परिषदको बैठकमा बहुमतकोराय मान्य हुनेछ र मत बराबर भएमा सभामा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) परिषदको बैठकको निर्णय सचिवले नियमानुसार प्रमाणीकरण गरि सुरक्षित गरी राख्नुपर्नेछ।

(८) परिषदको बैठक सम्बन्धी अन्य कार्यविधि सभाले निर्णय गरे बमोजिम हुनेछ।

## परिच्छेद - ४

## प्रमुख संरक्षक, संरक्षक, प्रतिष्ठानका पदाधिकारी तथा कर्मचारी

१३. प्रमुख संरक्षकः गाउँपालिका अध्यक्ष प्रतिष्ठानको प्रमुख संरक्षक रहनेछन्।

१४. संरक्षकः गाउँपालिका उपाध्यक्ष प्रतिष्ठानको संरक्षक रहनेछन्।

१५. अध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सभा र परिषद बैठकको अध्यक्षता गर्ने,

(ख) सभाले दिएको निर्देशन र परिषदले गरेको निर्णयको कार्यान्वयन गर्ने गराउने,

(ग) प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट, प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्न लगाउने,

(घ) स्थानीय सरकारसँग समन्वय गर्ने,

(ङ) परिषदको स्वीकृति लिई प्रतिष्ठानको तफर्बाट करार गर्ने,

(च) संघीय सरकार, प्रदेश सरकार तथा विदेशी संस्थासँग सम्बन्धित विषयमा आवश्यक सम्पर्क गर्ने,

(छ) तोकिए बमोजिमको अन्य काम गर्ने,

१६. उपाध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) सभा र परिषदको बैठकमा उपस्थित हुने,

(ख) सभाले दिएको निर्देशन र परिषद्ले गरेको निर्णयको कार्यान्वयनमा अध्यक्षलाई सहयोग गर्ने,

(ग) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने सबै काम गर्ने,

(घ) अध्यक्षको निर्देशनमा अन्य काम गर्ने,

(ङ) तोकिएको अन्य कार्यहरु गर्ने।

१७. सदस्य-सचिवको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१८. पदाधिकारी सम्बन्धी व्यवस्था:

(१) अध्यक्षले यस ऐनको अधीनमा रही पदाधिकारीको नियुक्ति गर्नेछ।

(२) पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा तोकिए बमोजिम हुनेछ।

(३) पदाधिकारी तथा सदस्यहरुको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१९. पद रिक्त हुने अवस्था: देहायको अवस्थामा पदाधिकारीहरुका पद रिक्त हुनेछ;–

(क) निजको पदावधि समाप्त भएमा,

(ख) निजले राजीनामा दिएमा,

(ग) निजको मानसिक सन्तुलन ठीक नभएमा

(घ) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा

(ङ) निज दफा २० अनुसार पदबाट हटेमा वा

(च) निजको मृत्यु भएमा।

२०. पदबाट हटाउन सक्ने: (१) पदाधिकारी वा सभाका सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक काम नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको कारण देखाई सभामा तत्काल कायम रहेका कम्तीमा एक चौथाई सदस्यले गाउँपालिका अध्यक्ष समक्ष लिखित निवेदन दिएमा गाउँ कार्यपालिकाबाट एक छानबिन समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको छानबीन समितिले सो सम्बन्धमा छानबिन गरी आफ्नो प्रतिवेदन गाउँ कार्यपालिका समक्ष प्रस्तुत गर्नेछ । छानविन समितिले पेश गरेको प्रतिवेदन मनासिव देखिएमा सभाका अध्यक्षलाई गाउँ कार्यपालिकाले हटाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनका सम्बन्धमा सभामा छलफल हुँदा सभाको बहुमत सदस्यले पदाधिकारी वा सभाका सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक काम नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको भनी निर्णय गरेमा त्यस्तो पदाधिकारी वा सभाका सदस्यलाई गाउँपालिका अध्यक्षले पदमुक्त गर्नुपर्नेछ ।

(४) पदबाट हटाउनु अघि सफाइको मौका दिनु पर्नेछ ।

२१. कर्मचारीः (१) प्रतिष्ठानमा आवश्यकता अनुसार कर्मचारीहरू रहनेछन् ।

(२) उपदफा (१) बमोजिमको कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू तोकिए बमोजिम हुनेछन् ।

परिच्छेद - ५

२२. कोष तथा लेखापरीक्षण: (१) प्रतिष्ठानको एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् ।

(क) फालेलुङ गाउँपालिकाबाट प्राप्त रकम ।

(ख) नेपाल सरकारबाट प्राप्त रकम ।

(ग) प्रदेश सरकारबाट प्राप्त रकम ।

(घ) विदेशी सरकार संघ संस्था वा विदेशी व्यक्तिबाट प्राप्त रकम ।

(ङ) स्वदेशी संघ संस्था तथा व्यक्तिबाट प्राप्त रकम ।

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु अघि प्रतिष्ठानले नेपाल सरकार, प्रदेश सरकारबाट स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको रकम प्रतिष्ठानले बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) प्रतिष्ठानको कोष सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(६) प्रतिष्ठानको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(७) प्रतिष्ठानको खाताको सञ्चालन कोषाध्यक्ष र सदस्य-सचिवको संयुक्त दस्खतबाट हुनेछ ।

२३. लेखा र लेखापरीक्षण:  प्रतिष्ठानको आय व्ययको लेखा गाउँपालिकाले अपनाए बमोजिम राखिनेछ ।

परिच्छेद - ६

विविध

२४. शपथ (१) आफ्नो पदभार सम्भाल्नु अघि पदाधिकारी र सदस्यहरूले अनुसूची-१ मा तोकिएको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ ।

(२) परिषदका अध्यक्षले गाउँपालिका अध्यक्षबाट शपथ ग्रहण गर्नु पर्नेछ।

(३) अन्य पदाधिकारी र सदस्यहरूले परिषदका अध्यक्षबाट शपथ ग्रहण गर्नु पर्नेछ।

२५. प्रतीक चिन्हः प्रतिष्ठानको प्रतीक चिन्ह तोकिए बमोजिमको हुनेछ।

२६. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न विद्वत सभाले आवश्यक नियम बनाउन सक्ने छ।

२७. बाधा अड्काउ फुकाउः यस ऐन बमोजिम बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ।

२८. ऐनको संशोधन र खारेजी: (१) फालेलुङ गाउँपालिकाको वाङ्मय प्रतिष्ठान स्थापना र सञ्चालन गर्न बनेको ऐन, २०७८ खारेज गरिएको छ।

(२) यस ऐनको संशोधन वा खारेजी फालेलुङ गाउँपालिकाको गाउँ सभाले सक्नेछ।

अनुसूची - १
(दफा २४ सँग सम्बन्धित)
शपथ

म सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु कि म......................................... लाई दिएको जिम्मेवारी तनमनले दत्तचित्त भई इमान्दारीपूर्वक पूरा गर्नेछु । भाषा, कला, साहित्य र संस्कृतिको सृजना, श्रीवृद्धि, सम्बद्र्धन, संरक्षण, संकलनका लागि प्रतिबद्ध रही देश र जनताको सेवामा आफ्नो अमूल्य समय र शक्ति समर्पित गर्ने छु ।

सपथ ग्रहण गर्नेः
नाम, थरः
पदः
दस्तखतः
मितिः

सपथ ग्रहण गराउनेः
नाम, थरः
पदः
दस्तखतः
मितिः

आज्ञाले,
डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत